नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २७८ २०८१ साल जेठ ३० गते बुधबार (12 June 2024 Wednesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कोशी प्रदेशका ४५ प्रतिशत. ३ पृष्ठमा : हावाहुरीले बालीनालीमा गरेको ... ३ पृष्ठमा इजरायली बन्धक उद्धार अभियानमा ...

## जयमालाको मृत्यु प्रकरणमा आफन्तद्वारा दोषि पत्ता लगाई कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

सप्तरीको कंचनरुप नगरपालिका ८ की ५६ वर्षिया जयमाला गुप्ताको पहिचान खुल्न नसकेको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको भन्दै आफन्तले दोषि पत्ता लगाई कारवाहीको माँग गरेका छन् ।

आफन्तले घट्नाको सत्यतथ्य छानवीन र दोषि पत्ता लगाई कारवाहीको माग गरेका हुन ।

मृतक महिलाका जेठो छोरा डा.तुलाकृष्ण गुप्ताका अनुसार जेठ ९ गते नगरको नन्दलाल चौक नजिकै कंचनपुर वेरियर क्षेत्रमा आयोजित अष्टयाममा सहभागी भई ४ वर्षिय नाती रियान्ससंगै घर फर्कने क्रममा राती ८ बजे तिर नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो ।

घाइते भएकी उनलाई उपचारका लागी राती नै विराटनगरस्थित नोबेल अस्पतालमा भर्ना गरिएकोमा जेठ १५ गते उपचारको क्रममा मृत्यु भएको छोरा डा.गुप्ताको भनाई छ ।



मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको उनले बताए । दुर्घटना बारे पत्ता लगाई दोषिलाई कारवाहीको माँग गर्दै इलाका प्रहरी कार्यालय कंचनपुरमा निकै दौडधुप गरे पनी हालसम्म प्रहरीले अपराधी पत्ता लगाउन नसकेको गुनासो समेत गरेका छन् ।

उनले जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ दिदै गृहमन्त्री रवी लामिछानेलाई समेत निवेदन पठाएर न्यायका लागी पहल गरिदिन आग्रह गरेका छन ।

मृतक महिलाको कान्छो छोरा आदित्यले सो क्षेत्रका एक जना व्यवसायीको पसलमा सिसीटिभी क्यामरा जडान भएपनि निजले क्यामराको हार्डडिक्स विग्रिएको छ भनी जवाफ दिएपछि फुटेज हेर्न नसकेको बताए ।

उनले घट्नाको तीन साता वित्न लाग्दा पनि प्रहरीले अपराधी पत्ता लगाउन न सकेकोमा आक्रोश पोख्दै अब धर्ना, प्रर्दशन र अनशनमा वस्ने तयारीमा लागेको बताएका छन् ।

यता प्रहरी सो दुर्घटनाबारे आफन्तले तत्कालै जानकारी नगराएको बताएका छन् । घाईतेलाइ अस्पताल पुऱ्याएको दुई दिन पछि मात्र अस्पतालबाट आफन्तले सो जानकारी गराएको इलाका प्रहरी कार्यालय कंचनपुरका एक प्रहरी अधिकारीले भने । उनले ढिलो जानकारी आएपनि प्रहरीले सो बारे अनुसन्धान गरिरहेको बताए ।

## पुस्तौंदेखि वसोवास गर्दै आएको जग्गाबाट हटाइएको गुनासो




**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

पुस्तौदेखि वसोवास गर्दै आएको जग्गा बलपूर्वक खाली गराई आफुहरुको उठिवास गराइएको एक भुमिहीन परिवारले गुनासो गरेका छन ।

मंगलवार राजविराजस्थित पत्रकार महासंघ सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी तिलाठी कोइलाडी गाउँपालिका ४ निवासी ऐनेश्वर मण्डल र उनका परिवारजनले यस्तो गुनासो पोखेका हुन ।

*बाँकी तीन पृष्ठमा*

## मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बिरुद्ध सर्वोच्चमा रिट निवेदन दर्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ जेठ ।**

मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ सर्वोच्च अदालतमा मंगलबार रिट निवेदन दर्ता भएको छ ।

मधेस प्रदेशका सांसदलाई पैसा वितरण गर्ने निर्णयविरुद्ध मनिषकुमार मण्डल, पारितोषकुमार साह र आबिद हुसैनले सर्वोच्चमा रिट दर्ता गराएका हुन् ।

मधेस प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई एक करोड ५० लाखको योजना दिने निर्णय गरेको भन्दै उनीहरुले रिट दायर गरेको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए ।

उक्त निर्णय शक्ति पृथकीकरणको सिद्धान्त विपरीत रहेको भन्दै निर्णय बदर गरी परमादेशको आदेश जारी गर्न माग गरिएको छ । रिटको पेशी बुधबारलाई तोकिएको छ ।

मधेस सरकारले गरेको उक्त निर्णयले संविधानको धारा १६२ र धारा २१४ अनुरूप प्रदेश कार्यकारिणी र स्थानीय तहको कार्यकारिणी अधिकारसमेत हस्तक्षेप भएको रिटमा दाबी गरिएको छ ।

रिटमा आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा भएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम तत्काल कार्यान्वयन नगराउन सर्वोच्चले गरेको अन्तरिम आदेशलाई पनि उल्लेख गर्दै उनीहरुले मधेस सरकारको निर्णय रोक्न माग गरेका छन् ।

सर्वोच्चले पूर्वाधार विकास कार्यक्रमले जनप्रतिनिधिहरूको व्यक्तिगत तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकूल नदेखिने भन्दै रोक लगाएको रातोपाटीले जनाएको छ ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बोदेबरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्
त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुर्घटनाप्रति आफै सचेत रहौं

अहिले सवारी दुर्घटना बढ्दै गएको छ । बढी दुर्घटना दुई पाङ्ग्रे सवारीसाधनहरुबाट हुने गरेको पाइएको छ । यसको न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रमका साथै आफै पनि सचेत हुनु आवश्यक छ । सप्तरी जिल्लामा दुर्घटना दिनहुँ जसो हुने गरेको छ । यहाँ मोटरसाइकल बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटना न्यूनिकरणमा ट्राफिक प्रहरीको भूमिका बढी आवश्यक छ ।

जिल्लाको प्रहरीको तथ्याङ्कमा १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको देखाएको छ । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ । तर, त्यस्तो गरिएको पाइन्न् । यसबाहके अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छ । नयाँ नयाँ मोटरसाइकल खरीद गरेर उनीहरुले आफ्ना बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ ।

तसर्थ गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ । यसका लागि प्रहरीका साथै अभिभावक समेतले आफ्ना बालबालिकालाई सचेत गराउन उत्तिकै आवश्यक छ । जसले गर्दा दुर्घटना न्युनिकरणमा थोरै भएपनि मद्दत पुग्ने छ ।

# कोशी प्रदेशका ४५ प्रतिशत जनसंख्या बीमाको पहुँचमा

काठमाडौँ, २९ जेठ (रासस) ।

कोशी प्रदेशमा ४५ दशमलव १६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको पाइएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको कोशी प्रदेशको आर्थिक तथा वित्तीय अवस्था प्रतिवेदनमा उक्त जानकारी उल्लेख छ ।

त्यस्तै हाल देशभर बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार पाँच सय ९४ वटा रहेकोमा कोशी प्रदेशमा मात्र १६ दशमलव ०६ प्रतिशत अर्थात् एक हजार आठ सय ६२ वटा शाखा छन् ।

बैंक तथा वित्तीय संस्थामा रहेको कूल निक्षेपको सात दशमलव १३ प्रतिशत अर्थात् रु चार खर्ब ४१ अर्ब बराबर कोशी प्रदेशमा छ । त्यस्तै कूल कर्जाको ११ दशमलव २६ प्रतिशत अर्थात् रु पाँच खर्ब ७२ अर्ब ऋण कोशी प्रदेशमा विस्तार भएको छ । अहिले समग्र बैंकिङ प्रणालीबाट रु ६१ खर्ब ८७ अर्ब बराबर कर्जा र ५० खर्ब ८४ अर्ब बराबर कर्जा विस्तार भएको राष्ट्र बैंकले जनाएको छ ।

यस प्रदेशमा २२ हजार एक सय सात जनाले सहुलियतपूर्ण कर्जा लिएका छन् । जसमा रु ३४ अर्ब दुई करोड ५२ लाख बराबर सहुलियत कर्जा स्वीकृत भएको छ । सबैभन्दा बढी महिला उद्यमशीलता कर्जा १२ हजार आठ सय ६३ जना र व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा आठ हजार नौ सय २२ जनाले लिएका छन् ।

कूल सात लाख ७९ हजार पाँच सय ८४ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेको यो प्रदेशमा सात लाख दुई हजार ४१ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ भने कूल सिञ्चित क्षेत्रफल तीन लाख १५ हजार आठ सय ११ हेक्टर रहेको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु नौ खर्ब तीन अर्ब बराबर रहने अनुमान गरिएको छ भने आर्थिक वृद्धिदर तीन दशमलव ५१ प्रतिशत अनुमान गरिएको छ । कोशी प्रदेशको प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन एक हजार तीन सय ३६ अमेरिकी डलर बराबर छ । त्यस्तै, गरिबी दर १७ दशमलव १९ र बहुआयामिक गरिबी १५ दशमलव नै प्रतिशत रहेको छ । मुलुकको कूल वैदेशिक व्यापारमा कोशी प्रदेशको आयातको हिस्सा १४ दशमलव ४४ र निर्यात हिस्सा ३९ दशमलव ०६ प्रतिशत बराबर छ ।

# राष्ट्रिय समावेशी आयोगको कार्य परिणाममुखी बनाउन निर्देशन

काठमाडौँ, २९ जेठ (रासस) ।

राष्ट्रिय समावेशी आयोगले अहिलेसम्म गरेका काम परिणाममुखी नभएकामा सांसदहरुले प्रश्न उठाउनुभएको छ ।

प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको सोमबार बसेको बैठकमा 'नेपालमा सामाजिक समावेशीकरणको वर्तमान अवस्था र राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका' सम्बन्धमा गरिएको छलफलमा सांसद रोशन कार्कीले आयोगले अध्ययन कार्य गरिरहेको भनिएका विषयको प्रभाव र परिणाम के आयो ? भन्नेबारेमा समेत खुलाउनुपर्ने बताउनुभयो । उहाँले आयोगले तयार पारेको कार्यपत्रप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाम चाहिन्छ भन्नुभयो ।

आयोगकी उपसचिव सुशीलाकुमारी पन्तले 'सामाजिक समावेशीकरण' विषयमा कार्यपत्र प्रस्तुत गर्दै समावेशी आयोगको उद्देश्य, मर्म र हालसम्मको कार्यसम्पादन विवरणबारे जानकारी दिनुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्दै सांसद आशा विकले सरकारले जुन उद्देश्यका साथ आयोग गठन गरेको त्यसअनुरुप कार्यसम्पादन हुन नसकेको बताउनुभयो । "समावेशी आयोगले उद्देश्यअनुरुप भूमिका खेलेको देखिँदैन", उहाँले भन्नुभयो, "बजेट अभाव, जनशक्तिको कमीलगायत समस्या छन्, यी विषयमा छलफल गरिनुपर्छ ।"

सांसद ईश्वरबहादुर रिजालले समावेशी आयोग समाजको सबैभन्दा पिँधमा परेका समुदायप्रति बढी जवाफदेही र कर्तव्यनिष्ठ हुनुपर्ने सुझाव दिनुभयो । समाजको बहिष्करणमा परेका दलित समुदायलाई आयोगले कसरी अन्तरघुलन गराउन सकिन्छ भन्ने विषयमा कार्ययोजना बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

यसैगरी सांसद सुशीला श्रीपाली ठकुरीले सडकमा रहेका बालबालिकाको विषयमा अध्ययन गर्न आयोगलाई सुझाव दिनुभयो । आयोगका अध्यक्ष विष्णुकुमारी ओझाले सांसदहरुले उठाएका जिज्ञासाको जवाफ दिँदै आयोगले सीमित बजेट तथा स्रोतसाधनमा थुप्रै जिम्मेवारी पूरा गर्नु परेको बताउनुभयो । समाजमा पछि परेका विभिन्न सुमदाय र वर्गको अवस्थामाथि अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो । "समावेशी आयोग समाजको पिँधमा पारिएका सबै समुदायको साझा थलो हो", उहाँले भन्नुभयो, "सरकारले आयोगका केही सुझाव कार्यान्वयन गरेको छ तर कतिपय सुझावको सुनुवाइ हुन बाँकी छ । ती सुझाव कार्यान्वयन भएमा कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पर्नेछ ।"

समितिका सभापति किरणकुमार साहले आयोगलाई चुस्त र परिणाममुखी कार्यसम्पादनका लागि बैठकका तर्फबाट निर्देशन दिनुभएको थियो ।

# उपप्रधानमन्त्री लामिछानेको मुद्दामा मिसिल झिकाउने आदेश

काठमाडौँ, २९ जेठ (रासस) ।

सर्वोच्च अदालतले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध दायर भएको रिट निवेदनमाथिको सुनुवाइपछि मिसिल झिकाउने आदेश गरेको छ ।

न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार उपप्रधान मन्त्री लामिछानेलाई निलम्बन गर्न माग गरिएको रिट निवेदनमाथि सुनुवाइका लागि आवश्यक मिसिलहरू झिकाउने आदेश गरेको हो ।

सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार उक्त मुद्दामा जितेन्द्र बाबु राई (जिवी राई) समेत भएको सहकारी ठगीपको मुद्दाको मिसिल रुपन्देही जिल्ला अदालतबाट झिकाउन आदेश दिइएको छ । सो मुद्दालाई अग्राधिकार दिँदै अर्को सुनुवाइ आगामी असार ४ गतेका लागि तोकिएको उहाँले जानकारी दिनुभयो ।

यसअघि न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले यही जेठ २० गते रिटमाथि सुनुवाइ गर्दै अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा सोमबारका लागि छलफलमा बोलाएको थियो ।

सहकारीको रकम अपचलनमा संलग्न रहेको देखिएको दावी गर्दै अधिवक्ता अनुपम भट्टराइले उपप्रधान तथा गृहमन्त्री लामिछानेलाई पदबाट हटाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेश गर्नुभएको थियो ।

न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले यही जेठ ९ गते गृहमन्त्रीविरुद्ध पेस भएको रिट निवेदन दर्ता गर्न अस्वीकार गर्ने आदेश (दरपीठ आदेश) खारेज गर्दै रिट दर्ता गर्न आदेश गरेको थियो ।


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह

Dr. Santosh Prasad Sah

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिक लगायत मानवअधिकार तथा आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी

# हावाहुरीले बालीनालीमा गरेको क्षतिको राहतको माग

काठमाडौं, २९ जेठ (रासस)।
सांसदहरुले केही दिन अघि तराईका विभिन्न जिल्लामा भीषण हुरीका कारण स्थानीयका घर र बालीनालीमा ठूलो क्षति पुर्‍याएको उल्लेख गर्दै प्रभावित किसानलाई सरकारले उचित राहत र क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा उहाँहरुले वर्षायाम सुरु हुन लागेको र रोपाइँ सुरु हुनुअघि नै किसानलाई समयमै मल, बिउ र सिँचाइको प्रबन्ध गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद तेजुलाल चौधरीले नेपाल कृषिप्रधान देश भए पनि मलका लागि किसानहरु दिनभर लाइन लाग्नुपर्ने र रित्तो हात घर फर्किनु पर्ने बाध्यता रहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद ठाकुरप्रसाद गैरेले जुनसुकै सरकारी अफिसमा जाँदा कार्यालयको अगाडि दर्जनौं गाडीहरु बेवारिसे अवस्थामा देखिने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "त्यसले वातावरण प्रदुषण त गराउँछ नै कार्यालय परिसर सुन्दर पनि देखिन्न, त्यसमाथि अर्बौंको सम्पत्ति खेर भइरहेको छ। यो क्षति कहिलेसम्म हेरेर बस्ने हो ? सरकारलाई स्पष्ट रुलिङ होस्।"

सांसद डा तोसिमा कार्कीले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड २०७७ मा स्वास्थ्य संस्था तथा अस्पतालहरुले अनिवार्य रुपमा विपन्न नागरिकका लागि १० प्रतिशत शय्या छुट्याइ निःशुल्क सेवा दिनुपर्छ भनिएको छ तर यो लागू नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद दामोदर पौडेल बैरागीले कास्की पोखराको यम्दी निस्किने सडक निर्माण रकम भुक्तानी नहुँदा काम रोकिएको बताउनुभयो। सांसद दीपक गिरीले डाङको देउखुरी राप्ती गाउँपालिका मसुरिया ३ मा विद्युत्‌को तार चुडिएर स्थानीयको मृत्यु भएको भएको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो। साथै उहाँले यस्तो घटना दोहोरिन नदिन र मृतकका परिवारलाई क्षतिपूर्ति दिन घाइते भएकालाई निःशुल्क उपचार क्षतिपूर्ति र रोजगारीको व्यवस्था गर्न माग गर्नुभयो।

सांसद दीपकबहादुर सिंहले देशभरी हावाहुरीका कारण गाउँबस्तीमा घर टहरा र किसानहरुले लगाएको मकै, केरा, मेवा, फलफूलमा क्षति पुगेको भन्दै चाँडोभन्दा चाँडो राहतको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो।

सांसद दुर्गा राईले सङ्घीय प्रतिनिधिसभा नियमावलीमा महिला समन्वय समिति बनाउन सकिने व्यवस्था रहेको तर मंगलबारसम्म पनि समिति बन्न नसकेकोप्रति ध्यानाकर्षण गराउनुभयो।

सांसद देवप्रसाद तिमिल्सिनाले मनाङको नासु गाउँपालिकास्थित दुधखोलामा २०७३ सालदेखि सुरु भएको पुल हालसम्म पनि निर्माण सम्पन्न नभएको भन्दै तत्काल निर्माण सम्पन्न गर्नका लागि आवश्यक पहल गर्न माग गर्नुभयो।

सांसद देवेन्द्र पौडेलले बागलुङ खोलाको बीचमा लामो समयदेखि पिलर ठड्याएको तर अहिलेसम्म पुल नबनेको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउँदै तत्काल निर्माणका लागि माग गर्नुभयो।

सांसद धनराज गुरुङले बुटवल पावर कम्पनीले हालै ४३ प्रतिशतदेखि ७० प्रतिशतसम्म विद्युत् महसुल वृद्धि गरेकाले स्याङ्जामा सेवाग्राही तथा उपभोक्ता समस्यामा परेको भन्दै समस्या समाधानका लागि माग गर्नुभयो।

# मध्य र पश्चिमी तराईमा तीन दिन अत्यधिक गर्मीको सम्भावना

काठमाडौं, २९ जेठ (रासस)।
मध्य तथा पश्चिमी तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्नु तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले बुलेटिनमार्फत सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जनाएको छ।

महाशाखाले मंगलबार तातो दिन र तातो लहरसम्बन्धी विशेष बुलेटिन प्रकाशित गरी ती भू-भागमा यही जेठ २९ गतेदेखि ३१ गतेसम्म तीन दिन तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरेको हो।

तातो हावा तथा तातो लहरका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसीहरू दुख्ने, बान्ताआदि हुनसक्ने सम्भावित असरहरू देखिन्छ। यसबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वतआदि) प्रशस्त मात्रामा पिउन महाशाखाले सुझाएको छ।

## *पुस्तौंदेखि बसोवास ...*

विगत तीन पुस्ता देखी ७ धुर जग्गामा फुसको घर बनाई वसोवास गर्दै आएका आफुहरुलाई छिमेकी रमण कुमार सिहले बलजफती खाली गर्न लगाएको पत्रकार सम्मेलनमा पीडित परिवारका अभिभावक ७५ वर्षिय ऐनेश्वर मण्डलले बताए।

परिवारका सबै सदस्य सहित पत्रकार सम्मेलनमा उपस्थित भएका उनीहरुले घर खाली गराउने क्रममा गाली गलौज, दुर्व्यहार गर्नुका साथै घरको छाना तोडफोड तथा घर भित्र रहेका खाद्यान्न, भाडाकुडा र लत्ताकपडा सबै बाहिर फ्याकिदिएको गुनासो समेत गरेका छन्।

मण्डलका छोरा, बुहारी, नाती, नातीनी गरी ११ जना छन। घर तोडफोड हुदाँ सबैको विचल्ली भएको उनले बताए। मण्डलका बुहारी सरोज देवीले आफूहरु वसोवास गर्दै आएको उक्त जग्गा २०२६ साल तिर तत्कालिन जमिन्दार चन्द्रीका सिहले आफुहरुलाई दिएको बताईन।

पीडित मण्डल परिवारले गाउँमा बसेको पंचायतीमा रमण सिहले प्रति धुर २ लाखका दरले ७ धुरको १४ लाख रुपैया दिएमात्र सो जग्गामा वसोवास गर्न दिने शर्त राखेको बताएका छन्। आफुहरु त्यत्रो ठूलो रकम तिर्ने हैसितयतमा नरहेकाले विचल्लीमा परेको मण्डल परिवारको भनाई छ।

मण्डल परिवारले चन्द्रिका सिंहको नाममा रहेको उक्त जग्गा जालझेल गरी सिंह परिवारले कब्जा गरेको गुनासो गर्दै यसको सत्यतथ्य छानवीन हुनु पर्ने माग गरेका छन।

रमण सिहले भने २०२८ साल तिर उक्त जग्गा चन्द्रिका सिहले आमा श्यामसुन्दरी देवीलाई दिईसकेको दावीका साथ सोही आधारमा कानूनी प्रक्रिया तहत खाली गराइएको बताएका छन्। उनले उक्त जग्गा आफुहरुकै रहेको र मण्डल परिवारले वर्षौंदेखि अनाधिकृत रुपमा कब्जा गरी बसेको आरोप लगाए।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी


# विश्व समाचार

## इजरायली बन्धक उद्धार अभियानमा भएको नागरिक हताहतमा राष्ट्रसंघको निन्दा

राष्ट्रसङ्घ, २९ जेठ (रासस/सिन्ह्वा)।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले साता व्यापी इजरायली बन्धक उद्धार अभियानमा ठूलो संख्यामा नागरिक हताहत भएकोमा निन्दा गरेको उहाका प्रवक्ताले बताउनु भएको छ।

महासचिव एन्टोनियो गुटेरेसले घटना प्रति चरम दुःख व्यक्त गर्दै अपरेसनको सन्दर्भमा सयौं प्यालेस्टिनी नागरिकहरूको मृत्यु हुनुका साथै सयौं घाइते भएकोमा निन्दा गरेको प्रवक्ता स्टेफन डुजारिकले स्पष्ट पार्नु भएको छ।

मानविय जीवन हानि एउटा त्रासदी भएको जनाउदै सबै पक्षहरूलाई द्वन्द्वको प्रभाव भोगिरहेका नागरिकहरू, सुरक्षालाई प्राथमिकता दिन आग्रह गर्नु भएको छ। अन्तर्राष्ट्रिय कानुन अन्तर्गत सबैले आ-आफ्नो दायित्व पालना गर्ने डुजारिकले दैनिक प्रेस ब्रीफिंगमा उल्लेख गर्नु भयो।

संयुक्त राष्ट्रसङ्को मानवीय अभियानका लागि पुनः सक्षमताको आवश्यकता औंलाउदै विश्व निकायले तत्काल युद्धविराम, मानवीय कार्यहरूमा पूर्ण र निर्बाध पहुँच, र बन्धकहरूको रिहाइको लागि आह्वान गरिरहेको उहाँले बताउनु भयो।

इजरायली सेनाले शनिबार मध्य गाजाको नुसिरात शरणार्थी शिविरबाट चार जना बन्धकलाई उद्धार गरेको छ। हमासद्वारा सञ्चालित स्वास्थ्य अधिकारीहरूका अनुसार उक्त कारबाहीमा २७४ जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै ६९८ जना घाइते भएका छन्।

संयुक्त राष्ट्रसङ्घले चार जना बन्धक मुक्त भई प्रियजनहरूसँग पुनर्मिलन भएको खबरलाई स्वागत गर्दछ। गुटेरेसले सबै बाँकी बन्धकहरूको तत्काल र बिना शर्त रिहाइको लागि आह्वान गरिरहेको डुजारिकले जनाउनु भयो।

## डुङ्गा डुब्दा ३९ जना आप्रवासीको मृत्यु

दुबई, २९ जेठ (रासस/एएफपी)।
यमनमा २०० भन्दाबढी आप्रवासी बोकेको डुङ्गा डुब्दा अफ्रिकाबाट खतरनाक आप्रवासन मार्गमा पछिल्लो प्रकोपमा परेका कम्तिमा ३९ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीयको एजेन्सीले मङ्गलबार जनाएको छ। यमन तटमा भएको दुःखद् घटनामा सोमबार २६० आप्रवासी बोकेको डुङ्गा डुब्दा ३९ जनाको मृत्यु हुनुका साथै एक सय ५० जना बेपत्ता भएका छन् भने ७१ जनाको उद्धार गरिएको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनले सोमबारको डुबानलाई उल्लेख गर्दै एक्समा सार्वननिक गरेको छ।

प्रत्येक वर्ष हर्न अफ अफ्रिकाबाट हजारौं आप्रवासी द्वन्द्व, प्राकृतिक प्रकोप वा कमजोर आर्थिक सम्भावनाबाट बच्न तेल-धनी खाडीमा पुग्न लाल सागर पार गर्न निस्कन्छन्। अप्रिलमा, दुई डुङ्गा जिबूतीको तटमा दुई हप्ताको अन्तरमा डुबेका थिए, जसमा दर्जनौंको मृत्यु भएको थियो।

आइओएमले यस वर्ष समावेश नगरी सन् २०१४ देखि आप्रवासन मार्गमा कुल एक हजार तीन सय ५० जनाको मृत्यु भएको जनाएको छ।

सन् २०२३ मा मात्रै, यसले समुद्रमा हराएको एक सय पाँच जनासहित मार्गमा कम्तिमा छ सय ९८ जनाको मृत्यु भएको दस्तावेज गरेको बताएको छ।

आइओएमले मङ्गलबार जीवित मानिसलाई तत्काल सहायता प्रदान गरिरहेको बताएको छ। यमनमा सफलतापूर्वक पुग्ने आप्रवासीले प्रायःआफ्नो सुरक्षाका लागि थप खतराको सामना गर्छन्। अरब प्रायःद्वीपको सबैभन्दा गरिब देश एक दशकदेखि गृहयुद्धमा फसेको छ।

धेरैले साउदी अरब र अन्य खाडी अरब देशमा पुग्ने प्रयास गरिरहेका छन् जहाँ उनीहरू मजदुर वा घरेलु कामदारको रूपमा काम गर्छन्।

अगस्टमा ह्युमन राइट्स वाचले साउदी सीमा रक्षकलाई मार्च २०२२ र जुन २०२३ को बीचमा यमनबाट खाडी राज्यमा प्रवेश गर्न खोज्ने "कम्तिमा सयौं" इथियोपियालीको हत्या गरेको आरोप लगाएको थियो। रियादले समूहको निष्कर्षलाई निराधार र भरपर्दो स्रोतमा आधारित नभएको भन्दै खारेज गरेको थियो।

## श्रीलङ्काका नागरिकलाई लडाँइमा प्रयोग नगर्न रुसलाई आग्रह

कोलम्बो, २९ जेठ (रासस/एएफपी)।
रुसले युक्रेनसँगको लडाईमा श्रीलङ्काका नागरिक भर्ती गर्न रोक्ने आश्वासन दिएको श्रीलंकाको विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ। कोलम्बोलाई श्रीलङ्कालीहरुले आफ्ना नागरिक प्रायःसेवानिवृत्त सैनिकहरु फिर्ता ल्याउन आग्रह गरेका छन् जसमध्ये १६ जनाको मृत्यु भएको र ३७ जना घाइते भएको रिपोर्ट गरिएको छ। संसदका अनुसार करिब एक दर्जनलाई युक्रेनमा युद्धबन्दीको रूपमा राखिएको बताइएको छ।

श्रीलङ्काका विदेशमन्त्री अली साब्रीले सोमबार मस्कोमा भएको ब्रिक्स मन्त्रीस्तरीय बैठकको क्रममा आफ्ना रूसी समकक्षी सर्गेई लावरोभसँग श्रीलङ्काका नागरिकलाई लडाइँ मा प्रयोग नगर्न रुसलाई आग्रह गर्नुभएको मन्त्रालयले जनाएको छ। "मन्त्री अली साब्रीको अनुरोधमा श्रीलङ्काबाट थप सेना भर्ती नगर्ने सहमति पनि भयो", मन्त्रालयले जनायो।

मस्कोले जुन २६ मा श्रीलङ्काको प्रतिनिधिमण्डललाई "यी मुद्दाको विस्तृत समीक्षा गर्न र स्थिति न्यूनिकरणमा उपयुक्त पहल गर्नेछ", मन्त्रालयको विज्ञप्तिमा भनिएको छ। दुई वर्षअघि आक्रमण सुरु भएदेखि युक्रेनमा हजारौं रुसी सैनिक मारिएका छन् र मस्को थप सेनाको विश्वव्यापी खोजीमा रहेको छ।

श्रीलङ्काले यहाँका धेरै नागरिकलाई उच्च तलब, जग्गा र गैर-लडाइँ भूमिकामा सेवा गर्ने बदलामा रुसमा बसोबास गर्ने अधिकार पाउने विश्वासमा पारि लडाँइमा प्रयोग गरेको आरोप लगाएको छ। श्रीलङ्काका प्रहरीले रूसी कम्पनीहरूका लागि भर्ती एजेन्टको रूपमा अवैधरूपमा काम गरेको आरोपमा दुई सेवानिवृत्त जनरलहरूलाई पक्राउ गरेको छ।

श्रीलङ्काका छिमेकी भारत र नेपालका सैनिक पनि लडाइँमा सामेल भएका छन् जसमध्ये धेरै जनाको मृत्यु भएको जनाइएको छ।

# प्रमुख, उपप्रमुखलगायत ६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, २९ जेठ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको वाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापा, नगर उपप्रमुख लीलाकुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेलसहित छ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको, गलत प्रतिवेदन तथा गलत लिखत तयार गरी भ्रष्टाचार गरेको आरोप उनीहरु विरुद्ध लागेको छ। आयोगले आरोपीविरुद्ध समान रु ३० करोड २९ लाख ३४ हजार आठ सय ९७ बराबरको बिगो दाबी गरेको छ।

आयोगले नगरपालिकाका योजना शाखा प्रमुख सागर पौडेल, लेखा अधिकृत विश्वराज पोखरेलविरुद्ध रु ३० करोड २९ लाख ३४ हजार आठ सय ९७ बराबरको बिगो दाबी गरेको छ।

आयोगले जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्ध भने कैद र जरिवानाको मात्रै माग दाबी गरेको छ। वाग्मती माछा पोखरी निर्माण गर्दा उत्खनन भएको ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थ बिक्रीमा अनियमितता गरेको आरोप उनीहरुमाथि लागेको छ। आयोगले आरोपीहरुविरुद्ध बिगोअनुसार कारबाहीको माग गर्दै मुद्दा दायर गरेको प्रवक्ता नरहरि घिमिरेले राससलाई जानकारी दिनुभयो।

# अध्यक्ष र उपाध्यक्षलगायत विरुद्ध मुद्दा दायर

काठमाडौँ, २९ जेठ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहा नवराजपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष विश्वमोहनप्रसाद यादव, उपाध्यक्ष शोभाकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृतसमेत १४ जनाविरुद्ध सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मधेस प्रदेश सरकारको सांसद् अनुदानबाट रामजाकी दलित आधारभूत विद्यालय मझौरामा अधुरो काम पूरा गर्नका लागि दिएको रकमबाट कुनै पनि काम नगरी हिनामिना गरेको पाइएकाले उनीहरु विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो।

आयोगले तत्कालीन अध्यक्ष, उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कूसियत, लेखापाल सोमप्रसाद आचार्य, इञ्जिनियर कृष्णा साह र सव-इञ्जिनियर सन्तोषकुमार यादवविरुद्ध रु १४ लाख ५१ हजार पाँच सय ५१ बराबरको बिगो दाबी गरेको छ।

उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण मुखिया, कोषाध्यक्ष घुरनीदेवी मण्डल र सचिव रामभरोस मुखिया मलाहविरुद्ध पनि समान बिगो दाबी गरिएको छ।

आयोगले गाउँपालिकाका तत्कालीन योजना शाखा प्रमुख रमेशकुमार निधि, तत्कालीन जिन्सी प्रमुख सञ्जयप्रसाद यादव, वडा नं ४ का वडा तत्कालीन अध्यक्ष मदन यादव, वडा नं ५ का तत्कालीन अध्यक्ष मनोजकुमार यादव र वडा नं २ का तत्कालीन अध्यक्ष खुसीलाल साहविरुद्ध पनि समान बिगो, कैद र जरिवाना समेत माग गरी मुद्दा दायर गरेको छ।



अनुरोधकर्ता
तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*